# WEIGHING SCALE USER MANUAL
## (तौलने यन्त्र प्रयोगकर्ता पुस्तिका)

## BRAND: DANPHE (डाँफे)

**DAT Series (Table-top Type)**
**DAP Series (Platform Type)**

Document Name/Version: DANPHE/1.0 (कागजातको नाम/संस्करण: डाँफे/१.०)

© DANPHE ENGINEERING INDUSTRY, Nepal. All rights reserved

The information in this document belongs to DANPHE ENGINEERING INDUSTRY, Nepal. The company has issued this document to its product users with all the information required for general use. This document cannot be copied or published by any party other than the industry unless there is a contract or written permission. The national copyright law and it rules apply to all forms of media where this information may be used.

© डाँफे इन्जिनियरिङ्ग उद्योग, नेपाल, प्रतिलिपि अधिकार सुरक्षित।

यस प्रयोगकर्ता पुस्तिकामा भएको सूचना एवं जानकारी डाँफे इन्जिनियरिङ उद्योग, नेपालले प्रकाशन गरेको हो। उद्योगले यो पुस्तिका आफ्ना उत्पादन प्रयोगकर्ताहरूलाई सामान्य प्रयोगको लागि आवश्यक पर्ने सबै जानकारी सहित जारी गरेको छ। यो पुस्तक/पुस्तिकाको कुनै अंश वा पुर्ण रुपमा सम्झौता वा लिखित अनुमति बिना प्रतिलिपि गर्न वा आफ्नो भनी प्रकाशन वा प्रशारण गर्न पाइने छैन र त्यसो भएमा नेपालमा विद्यमान प्रतिलिपि अधिकार कानून बमोजिम कानूनी अधिकार खोजिनेछ।

| **<u>Weighing Scale User Manual</u>**<br>Capacity: 5 kg – 30 kg (Model: DAT)<br>Capacity: 40 kg – 500 kg (Model: DAP) | **<u>तौलने यन्त्र प्रयोगकर्ता पुस्तिका</u>**<br>क्षमता: ५ केजी - ३० केजी (Model: DAT)<br>क्षमता: ४० केजी - ५०० केजी (Model: DAP) |
|---|---|

| | |
|---|---|
|  |  |
| Table-top type (DAT Series) | Platform type (DAP Series) |

*Figure 1. Weighing scale models (चित्र १. तौलने यन्त्रको मोडल)*

| | |
|---|---|
| Thank for your purchasing of our DAPHNE Weighing Scale. To guide you to use our product correctly, please read this User Manual carefully to extend the life of machine and to avoid error. | हाम्रो डाँफे तौलने यन्त्र खरिद गर्नुभएकोमा धन्यवाद। हाम्रो उत्पादन सही तरिकाले प्रयोग गर्न, यन्त्र वारे बुझ्न, मेसिनको आयु बढाउन र त्रुटिबाट बच्न कृपया यो प्रयोगकर्ता पुस्तिका ध्यानपूर्वक पढ्नुहोस्। |

## 1.0 Introduction (१.० परिचय)

| | |
|---|---|
| This manual provides technical, operational, installation, and service information for table-top and platform weighing scales with capacities ranging from 5 kg to 500 kg. It is intended for inspector, dealer, repairer, and end user. | यो पुस्तिकाले ५ किलोग्राम देखि ५०० किलोग्राम सम्म क्षमता भएका तौलने प्रयोजनको लागि टेबलमा वा भुईमा राखिने तौलने यन्त्रहरुको प्राविधिक, सञ्चालन, स्थापना र मर्मतको लागि आवश्यक जानकारी प्रदान गर्दछ। यो निरीक्षक, डिलर, मर्मतकर्ता र अन्तिम प्रयोगकर्ताका लागि तयार पारिएको हो। |

## 2.0 Technical Specifications (२.० प्राविधिक विशिष्टताहरू)

| | |
|---|---|
| Capacity (Max): 5 kg – 500 kg<br>Accuracy Class: Medium Accuracy (III)<br>Verification Scale Interval (e): 2 g to 100 g<br>Power Supply: 230V, 50Hz AC / 6V DC / 4V DC<br>Operating Temperature: 0°C to +45°C<br>Load Cell Type: Strain Gauge type load cell<br>Display: 6 digit, 7 segment LED<br>Keypad: Dome based keypad | अधिकतम क्षमता: ५ किलोग्राम - ५०० किलोग्राम<br>सच्चाई श्रेणी: मध्यम सच्चाई (III)<br>प्रमाणीकरण स्केल अन्तराल: २ ग्राम - १०० ग्राम<br>बिजुली आपूर्ति: २३० V, ५० Hz AC/६V DC/४V DC<br>सञ्चालन तापक्रम: ० °C देखि +४५ °C<br>लोड सेल प्रकार: स्ट्रेन गेज लोड सेल<br>७ सिग्मेन्ट लिड डिस्प्ले र डोम किप्याड |

The following technical specifications would be present in the descriptive plate in the display housing of the weighing scale. (तौलने यन्त्रको तौल संकेत रहने बक्सामा वर्णनात्मक लेबल रहन्छ र उक्त लेबलमा देहाय बमोजिमको प्राविधिक विधिष्टताहरु उल्लेख रहन्छ।)

| | |
|---|---|
| Manufacturer Name<br>Brand<br>Modal Approval No<br>Maximum Capacity<br>Minimum Capacity<br>Verification Scale Interval<br>Accuracy Class<br>Modal No.<br>Serial No.<br>Tare | उत्पादकको नाम<br>ब्राण्ड<br>नमुना अनुमतिको चिन्ह<br>अधिकतम् क्षमता<br>न्यूनतम क्षमता<br>प्रमाणीकरण स्केल अन्तराल<br>सच्चाई श्रेणी<br>मोडल नं<br>सिरियल नं<br>टैर |

## 3.0 Major Components (३.० प्रमुख पुर्जाहरु)

| | |
|---|---|
| The weighing scale mainly consists of: - Load receptor (platform) - Load cell(s) - Indicator/display unit - Frame structure – Wire connector to mains - Pole | तौलने यन्त्रमा निम्न पुर्जा रहन्छ:: तौलने मञ्ज, लोड सेल, तौल सङ्केत गर्ने एकाइ, फ्रेम, विद्यूतमा जोड्ने तार, पोल |




*Figure 2. Components of Weighing Scale (चित्र २. यन्त्रका पुर्जाहरु)*

## 4.0 Weighing Scale Installation (४.० तौलने यन्त्र स्थापना)

*A. Packing List (क. प्याकिङ सूची)*

| | |
|---|---|
| Tabletop (DAT Series)<br>Unpack the scale and you would find<br>1. Pan + Weight receptor; 2. Four piece of adjustable legs; 3. Scale body; 4. Pole with indicator (in case of scales with second display in a pole; 5. Bolts/Nuts. | Tabletop (DAT Series)<br>यन्त्र प्याकेज खोल्नुहोस् र हजुरले पाउनुहुनेछ<br>१. प्यान + तौलने मञ्च; २. सतह मिलाउन मिल्ने चार खुट्टा; ३. यन्त्रको मुख्य भाग; ४. तौल संकेतन गर्ने डिस्प्ले सहितको पोल (पोलमा दोस्रो इन्डिकेटर भएको यन्त्रको हकमा; ५. बोल्ट/नटहरू) |
| Platform (DAP Series)<br>Unpack the scale and you would find<br>1. Pan; 2. Frame (upper and lower with load cell attached); 3. Indicator; 4. Four piece of adjustable legs; 5. Pole with indicator (in case of scales with second display in a pole; 5. Safety grill; 6. Bolts/Nuts | Platform (DAP Series)<br>यन्त्र प्याकेज खोल्नुहोस् र हजुरले पाउनुहुनेछ<br>१. तौलने मञ्च /प्यान; २. फ्रेम ( लोड सेल जोडिएको माथिल्लो र तल्लो); ३. तौल संकेत गर्ने इन्डिकेटर; ४. सतह मिलाउन मिल्ने चार थान खुट्टा; ५. तौल संकेतन गर्ने इन्डिकेटर सहितको पोल (पोलमा दोस्रो डिस्प्ले भएको स्केलको हकमा; ५ सुरक्षा ग्रिल; ६.बोल्ट/नटहरू |
| Inform your dealer if any parts is missing or you have any complain about the purchased scale.<br>यदि कुनै पुर्जा अपुग छ वा खरिद गरिएको तौलने यन्त्रको बारेमा कुनै गुनासो छ भने आफ्नो विक्रेतालाई जानकारी गराउनुहोस् । | |

## B. Weighing Scale Assembly *(ख. तौलने यन्त्र जोड्ने तरिका)*

| | |
|---|---|
| Tabletop (DAT Series)<br>First remove the load cell protection if there is any (generally a foam material near the pan hole); Screw the four adjustable legs in the bottom part of the scale; Tighten the weight receptor (in case load receptor metal is not screwed) with the load cell by the screws provided; Put the weighing pan on the weight receptor; Fix the pole and connect the pole display with the body of scale with a wire and connecter provided (for pole type second indicator equipment); Put the weighing scale in plan surface and use the adjustment legs for levelling and making the scale ready for use. | Tabletop (DAT Series)<br>पहिले लोड सेल सुरक्षा (सामान्यतया प्यानको प्वाल नजिकै फोम पदार्थ) छ भने हटाउनुहोस; यन्त्रको तल्लो भागमा चार खुट्टाहरू स्क्रू गर्नुहोस; प्रदान गरिएका स्क्रूद्वारा लोड सेलसँग तौलने मञ्च (तौलने मञ्च छुट्टै प्रदान गरिने यन्त्रको हकमा) कस्नुहोस; तौलने मञ्चमा प्यान राख्नुहोस, पोल जडान गर्नुहोस् र तार र कनेक्टर (पोलमा तौल संकेतन गर्ने दोस्रो इन्डिकेटर रहने यन्त्रको हकमा) प्रयोग गरेर पोल डिस्प्लेलाई स्केलको मुख्य भाग संग जोड्नुहोस; र यन्त्र प्रयोगको लागि तयार पार्न यन्त्र राख्ने ठाँउको लेभल मिलाउनुहोस । |
| Platform (DAP Series)<br>First loosen the load cell protection screw if there is any (generally two to four screws attached in the bottom frame); Screw the four adjustable legs in the bottom frame of the scale; Put the Pan in the upper frame which acts as weight receptor; Fix the safety grills in the upper frame with bolts and nuts provided; Fix the pole and connect the pole display with the display unit with the wire and connecter provided (for pole type second indicator equipment); Put the weighing scale in plan surface and use the adjustment legs for levelling and making the scale ready for use. | Platform (DAP Series)<br>पहिले लोड सेल सुरक्षा स्क्रू छ भने खुकुलो पार्नुहोस (सामान्यतया तल्लो फ्रेममा दुई देखि चार स्क्रू जोडिएको हुन्छ); यन्त्रको तल्लो फ्रेममा चार खुट्टाहरू स्क्रू गर्नुहोस; माथिल्लो फ्रेममा प्यान राख्नुहोस् जसले तौलने मञ्चको रुपमा काम गर्दछ; सुरक्षा ग्रिल माथिल्लो फ्रेममा कस्नुस; पोल फिक्स गर्नुहोस् र प्रदान गरिएको तार र कनेक्टर (पोल प्रकार दोस्रो सूचक उपकरणको लागि) प्रयोग गरेर पोल डिस्प्लेलाई डिस्प्ले युनिटसँग जोड्नुहोस; पोलमा तौल संकेत डिस्प्ले हुने यन्त्रको हकमा दिइएको नट/बोल्टको मद्दतले डिस्प्लेलाई पोलमा जोड्नुहोस र समथल भुँईमा यन्त्रलाई राखि प्रयोगको लागि तयार हुनुहोस् । |

## C. Display and Indicators *(ग. तौल संकेतन  र सूचकहरू)*

Generally Daphne Weighing Scales are designed with LED bulb indicator and keypad as the following figure. The key pad and LED bulb indication position may vary sometimes. (सामान्यतया डाँफे तौलने यन्त्रमा दिइएको चित्र जस्तै एलईडी बल्ब संकेत र कि-प्याड साथ डिजाइन गरिएको हुन्छ। कि प्याड र एलईडी बल्ब संकेत रहने ठाँउ कहिलेकाहीं फरक हुन सक्छ।)




Figure 3. Display and Indicators (चित्र ३. तौल संकेतन डिस्प्ले र विभिन्न इन्डिकेटर)

## D. *Installation, Safety, Cleaning and Troubleshooting* (घ. स्थापना, सुरक्षा, सफाई र समस्या निवारण)

| | | |
|---|---|---|
| Site requirements (जडान गर्ने ठाँउको आवश्यकताहरु) | • Flat and vibration-free surface<br>• Avoid direct sunlight, wind and strong magnetic field<br>• Stable temperature environment | • समतल र कम्पन-रहित सतह<br>• प्रत्यक्ष सूर्यको प्रकाश, हावा र बलियो चुम्बकीय क्षेत्रबाट बचाउनुहोस्<br>• स्थिर तापक्रम वातावरण |
| Installation Steps (स्थापना चरणहरू) | • Place scale on firm foundation<br>• Adjust leveling feet<br>• Connect indicator to load cell<br>• Connect power supply<br>• Switch ON and verify zero | • बलियो जगमा यन्त्र राख्नुहोस्<br>• खुट्टाको स्क्रु मिलाइ यन्त्रलाई समथल बनाउनुहोस्<br>• लोड सेल र इन्डिकेटर जोड्नुहोस<br>• पावर सप्लाई मा प्लग  जोड्नुहोस्<br>• स्विच अन गरी शून्य हेर्नुहोस् |
| Verify Accuracy (सच्चाई जाँच) | • Ensure display readability<br>• Switch ON and verify zero<br>• Place verified weight on the pan and compare the displayed value with actual weight *<br>• Remove the weight, display must return to zero | • डिस्प्लेका सबै अंक बलेको सुनिश्चित गर्नुहोस्<br>• स्विच अन गर्नुहोस् र शून्य हेर्नुहोस्<br>• तौलने मञ्चमा  जाँच गरिएको तौल राख्नुहोस् र देखाउने तौललाई वास्तविकसँग तुलना गर्नुहोस् *<br>• तौल हटाउनुहोस्, डिस्प्ले शून्यमा फर्कनु पर्छ |
| Safety (सुरक्षा) | • Use in clean , dry and dust free environment<br>• Regular check for open wire conductors<br>• Don’t pour water or any corrosion liquids on the weighing scale<br>• Never overload<br>• Maintenance/service by licensed repairer | • सफा, सुख्खा र धुलो रहित वातावरणमा प्रयोग गर्नुहोस्<br>• नाङ्गो तार छ/छैन नियमित जाँच गर्नुहोस्<br>• तौलने यन्त्रमा पानी वा कुनै पनि अन्य तरल केमिकल पदार्थ नखन्याउनुहोस्<br>• कहिल्यै क्षमता भन्दा बढी तौल नगर्नुहोस्<br>• लाइसेन्स प्राप्त मर्मतकर्ताद्वारा मात्र सेवा लिनुहोस् |
| Cleaning (सफाई) | • Clean with moist/dry cloth<br>• Never use chemical solvent for cleaning | • ओसिलो/सुक्खा कपडाले सफा गर्नुहोस्<br>• सफाईको लागि कहिल्यै रासायन प्रयोग नगर्नुहोस् |

| Troubleshooting (समस्या निवारण) | | |
|---|---|---|
| Display not showing (डिस्प्ले नदेखाउने) | • Check mains supply<br>• Check ON/OFF switch<br>• Check display connection wire | • मुख्य विद्युत आपूर्ति जाँच गर्नुहोस्<br>• अन/अफ स्विच जाँच गर्नुहोस्<br>• डिस्प्ले जडान तार जाँच गर्नुहोस् |
| No Load or constant load (तौल नदेखाउने वा तौल नबढ्ने) | • Check load cell connection | • लोड सेल जडान जाँच गर्नुहोस् |
| Difference in Weight (गलत तौल देखाउने) | • Re-verify / Re-calibrate * | • पुनःजाँच र मिलान गर्नुहोस् * |
| Keypad not working (की-प्याडले काम नगर्ने) | • Check keypad connection | • की-प्याड जडान जाँच गर्नुहोस् |
| Unstable Indication (अस्थिर तौल संकेतन) | • Shift to vibration free area<br>• Check load-cell wiring<br>• Dry moisture by putting in direct sunlight (if wet) | • कम्पन मुक्त क्षेत्रमा सार्नुहोस्<br>• लोड-सेल वायरिङ जाँच गर्नुहोस्<br>• सीधा घाममा राखेर सुख्खा पार्नुहोस् (यदि भिजेको छ भने) |

* Contact the dealer or near-by legal metrology office if the reading is different than the actual weight. (* यदि तौल संकेतन वास्तविक तौल भन्दा फरक देखाउछ भने डिलर वा नजिकैको गुणस्तर तथा नापतौल कार्यालयमा सम्पर्क गर्नुहोस्।

## 5.0 Using the weighing scale (तौलने यन्त्रको प्रयोग)

### *A. Key Pad Function (की-प्याड बटनको काम)*

| | | |
|---|---|---|
|  Key 1 | Press this key to return the display to zero reading. During using mode function it is used for parameter confirmation. | डिस्प्लेलाई शून्यमा फर्काउन तथा कुनै प्यारामिटर पुष्टिकरणको समयमा यो बटन थिच्नुहोस्। |
|  Key 2 | Press this key to deduce the container weight from the total weight and also to navigate to different modes.* | भाँडाको तौल घटाइ कुल तौल निकाल्न र विभिन्न मोडमा छिर्न यो बटन थिच्नुहोस्। * |
|  Key 3 | Press this button during navigating down during  different mode function (eg. calibration mode). | विभिन्न मोडमा (उदहारणको लागि क्यालिब्रेसन मोड) तल जान यो बटन थिच्नुहोस्। |
|  Key 4 | Press this button during navigating up during different mode function (eg. during calibration mode). | विभिन्न मोडमा (उदहारणको लागि क्यालिब्रेसन मोड) माथि जान यो बटन थिच्नुहोस्। |

* The mode function (eg. calibration) is activated only by using hardware calibration switch in the PCB and this is not to be used by user. मोड (जस्तै क्यालिब्रेसन मोड) PCB मा हार्डवेयर क्यालिब्रेसन स्विच प्रयोग गरेर मात्र सक्रिय हुन्छ र यो प्रयोगकर्ताले प्रयोग गर्नु हुँदैन।

### *B. Weighing activity (तौलने गतिविधीहरु)*

| | | |
|---|---|---|
| Switching on<br>(स्विच अन गर्न) | • Connect power supply or ensure battery is charged<br>• Press ON/OFF key<br>• Observe the mains indicator<br>• Allow warm-up time (5–10 minutes) | • विद्युत प्लगमा जोड्नुहोस र ब्याट्री चार्ज भएको सुनिश्चित गर्नुहोस्<br>• अन/अफ बटन थिच्नुहोस्<br>• एसी सूचकलाई अवलोकन गर्नुहोस्<br>• वार्म-अप समय (५-१० मिनेट) दिनुहोस् |
| Zeroing<br>(शुन्य बटन) | • Ensure platform is empty<br>• Generally auto zero indication is seen<br>• If not press ZERO key | • तौले मञ्च खाली छ भनी सुनिश्चित गर्नुहोस्<br>• धेरै जसो स्वचालित शुन्य हुन्छ<br>• शून्य बटन थिच्नुहोस् |
| Weighing Procedure<br>(तौलले प्रक्रिया) | • Ensure zero indication when the pan is empty<br>• Place item gently on platform<br>• Wait for stable indication<br>• Read displayed weight | • तौलने मञ्च खालि हुँदा तौल संकेत शुन्य रहेको सुनिश्चित गर्नुहोस<br>• तौलने मञ्चमा वस्तुलाई बिस्तारै राख्नुहोस्<br>• स्थिर संकेतको लागि पर्खनुहोस्<br>• प्रदर्शित तौल पढ्नुहोस् |
| Tare Function<br>(टैर उपकरण) | • Place container on platform<br>• Press TARE key<br>• Add material and read net weight | • तौलने मञ्चमा कन्टेनर राख्नुहोस्<br>• टैर बटन थिच्नुहोस्<br>• सामग्री थप्नुहोस् र नेट वजन पढ्नुहोस् |
| Switching Off<br>(बन्द गर्ने) | • Press ON/OFF key<br>• Disconnect power if not in use | • ON/OFF स्वीच थिच्नुहोस्<br>• प्रयोगमा नभएको खण्डमा प्लगबाट तार निकाल्नुहोस् |

## 5.0 Warranty (वारेन्टी)

| | |
|---|---|
| • Warranty period: 12 months<br>• Covers manufacturing defects only<br>• Doesn’t cover damage due to overvoltage or mishandling. | • वारेन्टी अवधि: १२ महिना<br>• निर्माणको बखतका त्रुटीहरु मात्र समेटिने<br>• उच्च भोल्टेज वा गलत प्रयोगको कारण हुने क्षति नसमेटिने |

## 6.0 Dealer Contact Information (डिलरको सम्पर्क:)

Logo (छाप)

Address (ठेगाना) :- ________________________

Phone (फोन नं.) :-___________________________

Email (इ-मेल ठेगाना) :- ___________________________

## 7.0 Manufacturer (उत्पादक) :-

**Danphe Engineering Industry, Banke (डाँफे इन्जिनियरिङ उद्योग, बाँके)**

**End of Manual (पुस्तिकाको अन्त्य)**